

के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं १ गते शनिबार ❑ 17 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पश्चिमाञ्चल क्षेत्रय अस्पतालमा रेट्रोफिटिङ भएका भवन संचालन हुननसक्दा बिरामीलाई सास्ती

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

गण्डकी प्रदेशकै ठुलो सरकारी अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) पोखरामा रेट्रोफिटिङ भएका केही भवन अस्पताललाई समयमै हस्तान्तरण गर्न नसक्दा सेवाग्राही मर्कामा परेका छन् ।

अस्पतालमा दातृ निकाय बेलायत सरकार (डिएफआइडी) से दिइएको आर्थिक तथा प्राविधिक सहयोग रोकिएपछि हाल केही रेट्रोफिटिङ भएका भवनहरु समयमै हस्तान्तरण हुन नसक्दा सेवाग्राही मर्कामा पर्नुका साथै आफुहरुलाई समेत सेवा संचालनमा कठिन भएको प्रतिष्ठानका निर्देशक डा.भरत बहादुर खत्रीले बताउनुभयो ।

प्रसुती वार्ड, बच्चा वार्ड सहितका केही भवनहरु रेट्रोफिटिङ भए पनि ठेक्दार कम्पनीले अस्पताललाई संघीय आयोजना कार्यान्वयन ईकाई कास्की मार्फत हालसम्म हस्तान्तरण नहुँदा करिब १ सय ५० शैया (वेड) हाल संचालनमा ल्याउन नसकिएको उहाँले जनाउनुभयो । उक्त वेड हाल संचालनमा ल्याउन नसक्दा अप्रेशन गर्ने गराउनेहरुको समय कुर्नुपर्ने, इमर्जेन्सिमा हाल २९ जना भन्दा बढीलाई सेवा दिन नसकिने, सुत्केरी र बच्चा वार्डमा समेत अपेक्षाकृत सेवा दिन नसकिएको निर्देशक डा.खत्रीले उल्लेख गनुभयो । उहाँका अनुसार अस्पतालमा हाल ३ सय ८० शैया मात्र संचालनमा रहेका छन् । वेलायत सरकारले उक्त



अस्पतालका विभिन्न भवनहरुको रेट्रोफिटिङ गर्ने गरी काम अघि बढाए पनि हालसम्म ५० प्रतिशत मात्र भवनहरु रेक्ट्रोफिट गराएर बुझाएको तर बाँकी ५० प्रतिशत मध्य २० प्रतिशत रेक्ट्रोफिट भएर पनि अन्तिम चरणमा भएका भवनहरु हस्तान्तरण हुन नसक्दा धेरै सेवा प्रभावित भएको अस्पताल श्रोतले दाबी गरेको छ । उक्त अस्पतालका केही भवनको करिब ३० प्रतिशत काम भने सुरुवात नै भएको छैन् ।

वेलायत सरकारसंग उक्त भवनहरु सम्पन्न गर्ने गरी सम्झौता गरेको निर्माण कम्पनी बिकोइ रौताहा पिके जेभिलाई करिब ७ करोड भन्दा बढी रकम भुक्तानी गर्न नसक्दा अस्पतालमा हाल समस्या भएको हो । उक्त कम्पनीले भने गत पुष देखि भुक्तानी नपाएकोले हाल २० प्रतिशत सम्पन्न भएका केही ब्लक सहितका भवनहरु आधिकारीक रुपमा हस्तान्तरण गर्न नसकिएको उक्त कम्पनीका प्रबन्ध निर्देशक धर्मराज दाहालले बताउनुभयो । आफुहरुले पाउनु पर्ने उक्त कामको रकम करिब ८ करोड भएको उल्लेख गर्दै उक्त रकम प्राप्त हुने सुनिश्चित भएको ३/४ दिनमै भवनहरु हस्तान्तरण गर्ने वचन दिनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले उक्त अस्पतालमा वेलायत सरकारले थप सहयोग नगर्ने भए पछि उक्त काम भएको भुक्तानीको बिषयमा आफुहरुले छलफल गर्दै आएको उल्लेख गर्नुभयो । शुक्रबार मन्त्री सहितको बैठकमा यस बिषय माथि समेत छलफल गराउने बताउदै उनले अन्यथा यसलाई क्याविनेटसम्म लैजानु पर्ने जनाए । दुई बर्षमा सकिने गरी उक्त परियोजना २०७७ साल असार २ गते सम्झौता भएको संघीय आयोजना कार्यान्वयन ईकाई कास्कीका इन्जिनीयर विरवल सुनारले बताउनुभयो । ५४ करोड १ लाखको लागतमा निर्माण गर्ने गरी जिम्मा लिएको ठेक्दार कम्पनी बिकोइ रौताहा पिके जेभिले वेलायत सरकार मार्फत हालसम्म करिब ५९ प्रतिशतले ३१ करोड ९१ लाख लगेको छ भने ७ करोडको बिलभरपाई बुझाएको उहाँले जनाउनु भयो । कम्पनीले गत चैत देखि बिलभरपाई बुझाए पनि भुक्तानी गर्न नसक्दा हाल मन्त्रालयले कम्पनीलाई थप काम नगर्न निर्देशन दिएको छ । उक्त परियोजनको १५ महिना म्याद थपेर समेत उक्त परियोजना नसके पछि विभिन्न कारण देखाउदै वेलायत सरकारले सहयोग गर्न छाडेको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## भोटेकोशी बाढीमा एक बेपत्ता, विद्यालय, स्वास्थ्य चौकीसहित दर्जन बढी घर बगायो

**रासस**
सोलुखुम्बु, ३२ साउन

सोलुखुम्बुको खुम्बु क्षेत्रमा भोटेकोशी नदीमा आएको बाढीले बगाएर एक जना बेपत्ता भएका छन् भने एक दर्जनभन्दा बढी घर बगेका छन् । बेपत्ता भनिएका व्यक्तिको परिचय खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

बिहबार खुम्बु पासाङ ल्हामु गाउँपालिका-५ थामेस्थित भोटेकोशीमा आएको बाढीका कारण एकजना बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ । प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेकानुसार बाढीले थामेका सात घर, पाँच होटल, एउटा विद्यालय र एउटा क्लीनिक बगाएको छ । सोही क्षेत्रका सात घर जोखिममा रहेका प्रहरी नायब उपरीक्षक घिमिरेले बताउनुभयो । नदी कटानका कारण तटीय क्षेत्रका बस्ती जोखिममा रहेको सोलुखुम्बु प्रहरीले जनाएको छ । घटनास्थलमा प्रहरी चौकी थम्बुचे र नाम्चेबाट सुरक्षाकर्मी परिचालित भएका छन् । हाल पानीको बहाव घट्दै गएको



प्रहरीले जनाएको छ । वर्षातविना नै कोशीमा आएको बाढीको कारण बारे अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक घिमिरेले बताउनुभयो । थामेभन्दा माथिको हिमताल फुटेर कोशीमा बाढी आएको हुनसक्ने स्थानीयको अनुमान छ ।

## सार्दिखोलामा धार्मिक पर्यटन विकास गर्न 'धार्मिक महोत्सव'

**पोखरापत्र संवाददाता**
पोखरा ३२ साउन

जिल्लाको माछापुच्छे गाउँपालिका-२ सार्दिखोला क्षेत्रको धार्मिक पर्यटनलाई विकास र प्रवर्द्धनका लागि बृहत् धार्मिक महोत्सव आयोजना गरिने भएको छ । स्थानीय शिवालय मन्दिर व्यवस्थापन समितिको आयोजनामा आगामी भदौ ६ देखि १४ गतेसम्म श्रीमद्भागवत् महापुराण सप्ताह ज्ञान महायज्ञ र धार्मिक महोत्सव गर्न लागिएको हो ।

महायज्ञबाट सङ्कलित रकमले खाँदरजुङ्गस्थित घोप्टेडाँडालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नेगरी विशाल शिवजीको मूर्ति, बुद्धमूर्ति, ज्योतिलिङ्गसहित एक सय आठ शिवलिङ्ग स्थापना र मन्दिरको छाना ताम्रपत्र गरिने योजना रहेको महायज्ञका संरक्षक एवं माछापुच्छे-२ का वडाध्यक्ष गणेश आचार्यले बताउनुभयो । "यस क्षेत्रको धार्मिक पर्यटन वृद्धिका लागि

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पर्यटक घटेसँगै डुङ्गा चालकको दैनिकी कठिन बन्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

पर्यटकीय फेवातालमा डुङ्गा सञ्चालन गर्न पोखरा-२२ पुम्दीभुम्दीका ५५ वर्षीय वुद्धिबहादुर परियार दिनहुँ एक सय रुपैयाँ बसभाडा खर्चेर घरबाट फेवाताल आवतजावत गर्नुहुन्छ । उहाँको आफ्नै डुङ्गा छैन, अरुकै डुङ्गा चलाउनुहुन्छ ।

फेवातालमा पर्यटकको सङ्ख्या घटेकै कारण तीन महिनायता उहाँको दैनिक आम्दानी एक सय पचास रुपैयाँ मात्र छ । वर्षादका कुनै दिन खाली हात घर फर्कनुपर्ने अवस्था छ । जेठ महिनादेखि फेवातालमा दैनिक मुस्किलले २० देखि ३० वटा डुङ्गा बाराही घाटबाट तालबाराही मन्दिर पुग्छन् भने दुई-तीन वटा ताल घुम्न जाने व्यक्तिले लाने गर्छन् ।

"कुनै दिन घर पुग्ने बस भाडा साथीहरुसँग मागेर जानुपर्ने अवस्था छ", परियारले भन्नुभयो, "फेवातालमा डुङ्गा चलाएको बीसौँ वर्षभयो यस्तो अवस्था कुनै वर्ष पनि भएको थिएन, परियारले भन्नुभयो, "तीन महिनादेखि खाजा खाने पैसा बचत छैन ।" फेवातालका विभिन्न आठ घाटमा सात सय ६७ वटा डुङ्गा सञ्चालनमा रहेकामध्ये सबैभन्दा धेरै बाराही घाटमा ३




सय ५६ वटा डुङ्गा सञ्चालित छन् । अरुको डुङ्गा चलाएबापत चालकले एक सय ५० देखि एक सय ७० रुपैयाँ मात्र पाउने गर्छन् । ताल वाराही मन्दिरसम्म डुङ्गा पुऱ्याएर ल्याएको एक सय ५० रुपैयाँ मात्र चालकहरुले पाउने गर्छन् । दाङ जिल्लाबाट आई पोखराको फेवातालमा डुङ्गा चलाउँदै आएका कालीचरण चौधरी पीडा पनि परियारकै जस्तै छ । पाँच वर्षदेखि पोखराको लेकसाइटमा कोठा भाडामा लिएर श्रीमती र दुई छोराछोरी पाल्दै आएका चौधरीलाई दैनिक खर्च चलाउन मुस्किल परेको छ । फेवातालको किनारमै ढुङ्गा सञ्चालन गर्न पालो पर्खिरहेका चौधरीलाई बिहीबार दिउँसो श्रीमतीले मोबाइलमा फोन गर्नुहुन्छ र भन्नुहुन्छ आज कति कमाई भयो । श्रीमान्, चौधरीले जवाफमा भन्दै हुनुहुन्थ्यो आज तरकारी खाने पैसा पनि आम्दानी भएको छैन । "कोठाभाडासहित मासिक खर्च २५ हजार रुपैयाँ छ तर आन्दानी तीन हजार छ, पर्यटकको सिजनमा कमाएको पैसा र श्रीमतीले बिहानमा कमाएको पैसालै तीन महिनायता धानिएको छु, अब एक महिनापछि लाग्ने पर्यटन सिजनमा आन्दानी हुन्छ की भन्ने आशा छ", चौधरीले भन्नुभयो, "छोराछोरीलाई पढाउन पनि मुस्किल भयो ।" फेवा डुङ्गा व्यवसायी सङ्गठन बैदामका कार्यालय सचिव नरबहादुर श्रेष्ठले तीन महिना यता फेवातालमा आउने पर्यटकको सङ्ख्या ८० प्रतिशतले घटेकै कारण डुङ्गा व्यवसायमा यस्तो समस्या आएको जानकारी दिनुभयो । "त्यो २० प्रतिशत पनि आन्तरिक र भारतीय पर्यटक हुन्", श्रेष्ठले भन्नुभयो, "वर्षाद्को समयमा पोखरा आउने सडक यातायातको जोखिम, बर्खा र आर्थिक मन्दीको असर पनि परेको हुनसक्छ ।" डुङ्गा व्यवसायी सम्मर नेपालीले तीन सय ५६ वटा डुङ्गा रहेको बाराही घाटमा यतिबेला पाँच दिनमा मात्र एउटा डुङ्गाको पालो आउने बताउँदै यस्तो अवस्थाले डुङ्गा चालक भोकभोकै हिँड्नुपर्ने बाध्यता रहेको दुःख सुनाउनुभयो ।

लामो समय यही पेसामा रहेकाले पेसा परिवर्तन गर्न मन पनि नलाग्ने, आम्दानी पनि नहुने यस्तो अवस्था कहिलेसम्म रहने हो, सम्मर नेपालीको प्रश्न थियो । "कोरोनाले पोखराको पर्यटन व्यवसाय समस्या ल्याएको थियो त्योभन्दा बढी यतिबेला आर्थिक मन्दीले पारेको छ", उहाँले भन्नुभयो, "स्थानीयवासीभन्दा पनि बाहिरबाट आएर डुङ्गा चलाउने चालकलाई दैनिकी चलाउने कठिन अवस्था छ ।"

चाडपर्वको आगमनसँगै पर्यटक पोखरा आउने र फेवातालमा पर्यटकको सङ्ख्या वृद्धि हुने आशामा डुङ्गा व्यवसायी छन् । फेवा डुङ्गा व्यवसायी सङ्गठनका अध्यक्ष बलराम गिरीले सडक यातायातको जोखिमता, बर्खा, आर्थिक मन्दीजस्ता कारणले व्यवसायमा समस्या आएको बताउनुभयो । फेवातालको मध्यभागमा अवस्थित तालबाराही मन्दिरमा पर्यटक पुऱ्याएबापत प्रतिव्यक्ति एक सय रुपैयाँ र

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# सीप परीक्षण उत्तीर्ण पश्चात सही सदुपयोगको खाँचो : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले सीप परिक्षण उत्तीर्ण पश्चात यसको सही सदुपयोग गर्नुपर्ने आवश्यकता रहेको बताएका छन्।

शुक्रबार मन्त्रालयमा नै आयोजना गरिएको सीप परिक्षण उतिर्ण परीक्षार्थीलाई प्रमाणपत्र वितरण कार्यक्रममा मन्त्री थापाले यस्तो बताएका हुन् । उनले सीप परिक्षण उत्तीर्ण गरेर प्राप्त सर्टिफिकेटलाई घरमा थन्काएर मात्र राख्न नहुने उल्लेख गरे ।



"सीप परिक्षण उतिर्ण गरेपछि प्राप्त सर्टिफिकेट घरमा राख्नु उचित होइन । आफुले सिकेको सीप अनुसार समाजमा रही सेवा प्रवाह गर्न आवश्यक छा", उनले भने । मन्त्री थापाले काम सानो नहुने र सीपसँगै प्राप्त भएको सर्टिफिकेटको महत्व ठूलो भएको उल्लेख गरे । उनले नागरिकलाई दक्ष बनाउन प्रदेश सरकारले समयानुसार सीपममुलक कार्यक्रमलाई अगाडि बढाउँदै आएको बताए । नागरिकले चाहेनुसारको रोजगार उपलब्ध गराउन र स्वरोजगार मुखी वातावरण बनाउन प्रदेश सरकार प्रतिबद्ध भएको भनाई उनको छ । मन्त्रालयको उपसचिव तोयानाथ लम्सालले सीपमुलक कार्यक्रमका लागि स्थानीय तहले ६० लाख, संघीय सशर्तबाट २५ लाख, प्रदेशबाट १६ लाख विनियोजन भएको जानकारी गराए ।

सिटीईभिटी गण्डकी प्रदेशका निर्देशक कल्प बस्नेतले परीक्षार्थीले प्राप्त गरेको सर्टिफिकेटको उपयोग सही हुने विश्वास लिएका छन् । कार्यक्रममा ६८ जना परीक्षार्थीलाई प्रमाण पत्र उपलब्ध गराइएको थियो ।

# नेशनल प्याथ ल्याबको नवौं शाखा पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ साउन

नेपालकै अग्रणी र पहिलो अत्याधुनिक प्रयोगशाला नेशनल प्याथ ल्याबले नवौं शाखा पोखरामा विस्तार गरेको छ । पोखराको हस्पिटलचोकमा सञ्चालनमा आएको ल्याबले सामान्य परीक्षणदेखि विशेष सेवा दिनेछ ।

सबै खाले परीक्षण पोखरामै सम्भव हुनेगरि अत्याधुनिक उपकरणसँगै दक्ष प्राविधकको व्यवस्थापन गरिएको छ । तीन करोड रुपैयाँ लागतमा नेशनल प्याथ ल्याब पोखरामा सञ्चालन गरिएको हो । प्रयोगशालामा हिस्टोप्याथोलोजी, साइटोप्याथोलोजी, मोलिक्युलर बायोलोजी (पीसीआर), इम्युनोलोजी लगायतका विभाग छन् । मृगौला प्रत्यारोपणसम्बन्धि परिक्षण, बाथरोग, एमटिभी पीसीआर, हर्मोन, क्यान्सर मार्कर, भिटामिन, पिसाब तथा रगतको कल्चर, पाठेघरको क्यान्सरकोसँगै अन्य क्यान्सरको परीक्षण र होलबडी परीक्षणको प्याकेजसमेत रहेको ल्याबका



प्रबन्ध निर्देशक पवन जोशीले बताए । रेस्पेरेटरी प्यानल, ग्यास्ट्रोइन्टेस्टाइनल प्यानल, मेनेन्जाइर्टस/इन्सेफलाइर्टस प्यानललगायतका परीक्षणको सुविधा नेशनल प्याथ ल्याबमा उपलब्ध छन् । 'हामीले गुणस्तरमा पनि उत्तिकै जोड दिएका छौं', जोशीले भने । २०६९ सालमा बुटवलबाट सुरु भएको नेशनल प्याथ ल्याबले पोखरासहित देशका नौ सहरमा शाखा विस्तार गरेको छ । काठमाडौं, बुटवल, भैरहवा, गुल्मी, अर्घाखाँची, घोराही, तुलसीपुर, धनगढी र पोखरामा प्रयोगशाला छन् । जसमध्ये काठमाडौं र बुटवल शाखा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट 'ए' ग्रेडको मान्यता पाएका प्रयोगशाला हुन् । पोखरा शाखा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाद्वारा 'बि' ग्रेड मा सूचिकृत छ । संस्थाका अध्यक्ष रुद्र बहादुर कार्कीले गुणस्तरीय ल्याब सेवा प्रदान गर्नका लागि पोखरामा प्रयोगशाला स्थापना गरिएको बताए । 'स्वास्थ्य परीक्षणका लागि डिजिटल प्रविधिद्वारा घरबाटै नमुना संकलन गर्ने व्यवस्था मिलाइएका छौं । बिरामीका आफन्तले अनलाइनबाटै रिपोर्ट हेर्न सक्नेछन्', कार्कीले भने ।

पोखरामा नेशनल प्याथ ल्याबले सेवा सुरु गरेसँगै अब प्रयोगशाला सम्बन्धि परीक्षणका लागि काठमाडौं जानुपर्ने बाध्यताको अन्त्य भएको उनको भनाइ छ । नमुना परीक्षण गर्न बाहिर पठाउदा धेरै समय पर्खनुपर्दा बिरामीको उपचार समेत प्रभावित हुने अध्यक्ष कार्की बताउछन् । प्रयोगशालामा आर्थिक अवस्था कमजोर भएका विपन्न वर्गका बिरामीका लागि निशुल्क जाँचको व्यवस्था मिलाइएको पोखरा शाखा प्रमुख अच्युतराज अधिकारीले बताए । ग्रामिण क्षेत्रमा स्वास्थ्य सम्बन्धि जनचेतना जगाउने र निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने उनले जानकारी दिए । नेशनल प्याथ ल्याबले काठमाडौंमा ८ सय बढी इनहाउस परीक्षण सेवा दिदैं आइरहेको छ ।

नमुना परीक्षण, कर्मचारी संख्याका हिसाबले नेशनल प्याथ ल्याब नेपालकै ठूलो प्रयोगशाला हो । पोखराको प्रयोगशालामा २२ जनाले रोजगारी पाएका छन् । शुभारम्भको अवसरमा होल बडी चेकअपका लागि दुई हजार रुपैयाँको आफर ल्याएको ल्याबले प्याकेजमा विशेष छुट दिएको छ ।

# जिपी कोइराला अस्पताललाई तीन सय शैयाको बनाउन 'डिपिआर'

**पोखरापत्र संवाददाता**
तनहुँ, ३२ साउन

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई तीन सय शय्यामा स्तरोन्नति गर्न विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । देशकै ठूलो श्वासप्रश्वास उपचार केन्द्र बनाउने लक्ष्यबमोजिम डिपिआर तयार गरिएको हो ।

सहरी विकास मन्त्रालय भवन विभागको सहयोगमा तीन सय शय्या क्षमताको डिपिआर तयार गरी स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई बुझाइएको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको राजकीय भ्रमणको सिलसिलामा भारत सरकारसँग भएको सहमतिअनुसार उक्त केन्द्रलाई श्वासप्रश्वाससम्बन्धी अन्तर र्राष्ट्रियस्तरको अस्पताल निर्माण गर्न लागिएको हो । देउवाको भारत भ्रमणका बेला अन्तर्राष्ट्रियस्तरको अस्पताल निर्माण गर्ने सहमति भएको थियो । सोहीअनुरूप भारत सरकारको सहयोगमा तीन सय शय्या क्षमताको आधुनिक उपकरणसहितको पूर्वाधार निर्माण प्रक्रिया सुरु भएको डा श्रेष्ठले बताउनुभयो । डिपिआर तयार नभएकाले थप काम अगाडि बढ्न नसकेको अवस्थामा अब डिपिआर तयार भइसकेकाले काम अगाडि बढ्ने श्रेष्ठको भनाइ छ । श्रेष्ठका अनुसार अस्पताललाई एक हजार शय्याको बनाउने लक्ष्य छ । अब मन्त्रालयको सहयोगमा अस्पताल निर्माणका लागि स्रोत जुटाउने तयारी थालिएको छ । यसका लागि परराष्ट्र र अर्थ मन्त्रालयमार्फत भारतीय दूतावाससमक्ष प्रस्ताव अघि बढाइएको छ । यही साउन २१ गते तनहुँ आउनुभएका बेला स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलले अस्पतालको निरीक्षण गर्दै उपचार केन्द्रलाई विशिष्टिकृत अस्पतालका रुपमा विकास गर्नुपर्ने बताउनुभएको थियो । पूर्वप्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालाको स्मृतिमा स्थापना भएको श्वासप्रश्वाससम्बन्धी देशकै एकमात्र विशिष्टिकृत अस्पतालमा हाल त्यहाँ ५० 'जनरल वार्ड' छन् । जसका कारण श्वासप्रश्वासका बिरामीको उपचार हुन सकेको छैन । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रुपमा स्थापना गर्न सरकारले विसं २०६७ मा पूर्वप्रधानमन्त्री स्व गिरीजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोही ठाउँमा रहेको सेतीगङ्गा सामुदायिक अस्पतालको स्वामित्व विसं २०७५ मा जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो । हाल उपचार केन्द्रको नाममा सात सय ४० रोपनी जग्गा प्राप्त भइसकेको छ । अस्पतालमा सवारी दुर्घटनाका घाइतेको अलावा झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामीहरु नियमित आउने गरेका छन् । उपचार केन्द्रले स्वास्थ्य सुविधा थप गर्दै लगेको छ । जनतालाई सहज रुपमा सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्देश्यसहित सुविधा विस्तार गरिएको उपचार डा श्रेष्ठले बताउनुभयो । अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासीका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् । अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, 'जनरल सर्जरी', 'इन्टरनल मेडिसिन' सेवा प्रदान गरिरहेको छ । त्यसबाहेक अस्पतालले केही समय अगाडीबाट 'कल्चर' सेवा पनि सुरु गरेको छ । अस्पतालमा बहिरङ्ग सेवा, चौबिसै घण्टा आकस्मिक सेवा, प्रयोगशाला, भिडियो एक्सरे, सामान्य शल्यक्रियालगायतका सेवा दिइरहेको छ । अस्पतालले श्वासप्रश्वासको उपचार सेवा पनि सुरु गरिसकेको छ । अस्पतालमा दैनिक दुई सय ५० भन्दा बिरामी उपचारका लागि आउने गरेका छन् । त्यसमध्ये ४०/५० जना बिरामी श्वासप्रश्वासका रहेको अस्पतालले जनाएको छ ।

## पश्चिमाञ्चल ...

थियो । कम्पनीले एआरटि व्लक, सुत्केरी व्लक, ओपीडी, मेडिकल, ओसीएमसी, जनरल किचन, सीएसी व्लक हस्तान्तरण गरेको छ भने फार्मेसी, बच्चा वाड र बिमाको व्लक रेक्टोफिटको पुनः निर्माणको अन्तिम चरणमा पुगेको छ । सुत्केरी व्लक हस्तान्तरण भए पनि त्यसमा सौचालयको व्यबस्थापन गर्न नसक्दा सेवा प्रभावित भएको अस्पतालका सूचना अधिकारी सुमन भट्टराईले बताउनु भयो । अस्पतालमा दैनिक जसो १ हजार ५ सय जना बिरामीहरु आउने गरेको उहाँले जनाउनु भयो । बेलायत सरकारले अस्पतालको रेट्रोफिटिङको लागि बिकोइ रौताहा पि के जेभी लाई भ्याट र कन्टेन्जेन्सी बाहेक ५४ करोड १ लाख ९७ हजार ६१३ रुपैयाँमा सम्झौता गरेको थियो । बिचमै वेलायत सरकारले उक्त परियोजनालाई अघि नबढाउने भए पछि अस्पतालको सिटि स्क्यान, एक्स रे, भिडियो एक्स रे, डेन्टल ब्लक र इसिजी ब्लकको रेट्रोफिटिङ नहुने भएको हो ।

## पर्यटक ...

ताल घुमाएबापत एक घण्टाको नौ सय रुपैयाँ व्यवसायीले लिने गरेका छन् । फेवातालका बाराही, फिस्टेल, अम्बोट, गौरी, पहारी, स्वीमिङपुल, फेवा र बङ्लादी गरी आठ घाटमा सात सय ६७ वटा डुङ्गा सञ्चालन हुने गरेका छन् । ती घाटमा चार सय १० जना चालक रहेको र तीमध्ये २५ जना महिला रहेको जानकारी अध्यक्ष गिरीले दिनुभयो ।

फेवातालमा सयौँवर्षदेखि डुङ्गा सञ्चालन हुने गरेको भए पनि संस्थागत र व्यावसायिक रुपमा विसं २०५२ देखि सञ्चालन हुँदै आएको अध्यक्ष गिरीले जानकारी दिनुभयो ।

## सार्दिखोला ...

यहाँका बासिन्दाले आस्था राख्नुहुने अन्य धार्मिक क्षेत्रलाई पनि जोड्ने र प्रवर्द्धनको उद्देश्य महायज्ञको छ । माछापुच्छ्रे हिमालको सुन्दर पृष्ठभूमिमा सुन्दरमूर्ति निर्माण हुनेछन्", उहाँले भन्नुभयो । भराभरीको ढुङ्गाखानी, खारपानीको तातोपानी, खैमराङको महादेव मन्दिर तथा भुर्जुङखोलामा अवस्थित शिवालय मन्दिर र ट्रेकिङ जानेहरूका लागि प्रसिद्ध गन्तव्य तारा हिलटप यस क्षेत्रका स्थानीय सांस्कृतिक तथा प्राकृतिक गन्तव्यका रूपमा रहेका छन् । आयोजक शिवालय महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सर्वजित गुरुङले महायज्ञबाट रु चारदेखि पाँच करोडसम्म रकम सङ्कलन हुने अपेक्षा गरिएको बताउनुभयो । शिवालय मन्दिर व्यवस्थापन समितिले आयोजना गरेको धार्मिक महोत्वको संरक्षकमा माछापुच्छे गाउँपालिका र सहसंरक्षकमा माछापुच्छे गाउँपालिका-२ वडा कार्यालय रहेको छ । श्रीमद्भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ धार्मिक महोत्सवको तयारीका लागि विभिन्न उपसमिति गठन गरी अहिले काम अघि बढाइएको छ ।

महोत्सवलाई सफल पार्न सार्दिखोलाका सम्पूर्ण सङ्घसंस्था, आमा समूह, शैक्षिक संस्था तथा जनसमुदाय एक भएर लागिपरेको बताइन्छ । माछापुच्छ्रे माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तोष आचार्यले समग्र कास्की जिल्लावासीकै अर्को आकर्षणको केन्द्र बनाई पोखरा क्षेत्रमा भ्रमण गर्ने पर्यटकको बसाइ अवधि लम्ब्याउन धार्मिक क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

## भारतीय राजदूतावास
## पेन्सन वितरण कार्यालय, पोखरा

### सूचना सूचना सूचना

**भारतीय राजदुतावास पेन्सन वितरण कार्यालय रामबजार पोखराद्धारा पुराना जस्ता पाता (टिन) 33,298 Square Feet लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा कम्पनीहरुले तल दिईएको टेलिफोन नम्वरमा सम्पर्क गरी मिति २०८१ श्रावण २८ गते तदानुसार २३ अगष्ट २०२४ का दिन बिहान १०:०० बजे यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहोला । लिलाममा भाग लिनु भन्दा पहिला रु २०,०००.०० (बिस हजार रुपैया) को एकाउन्ट पेई चेक, भारतीय राजदुतवास पेन्सन वितरण कार्यालय पोखराको नाम राखी यस कार्यालको प्रशासन शाखामा बुझाउनु पर्ने छ । उक्त सामानहरुको मूल्य बढा–बढको क्रममा सबैभन्दा उच्च रकम प्रदान गर्ने व्यक्ति वा कम्पनीलाई प्रदान गरिने छ । यसमा लाग्ने सम्पूर्ण खर्च जस्तै ढुवानी खर्च, तौल गर्ने खर्च साथै अन्य आई पर्ने खर्च लिलाम कबुल गर्ने व्यक्ति वा कम्पनी आफैले व्यहोर्नु पर्ने छ । कबुल गरेको रकम लिलाम भएको ३ दिनभित्र यस कार्यलयमा बुझाई धरौटी राखेको रकमको चेक फिर्ता लानुपर्ने छ । यदि सो भन्दा धेरै समय लागेको अवस्थामा उक्त धरौटी रकम जफत हुनेछ ।**


**कार्यालय प्रमुख**
**भारतीय पेन्सन वितरण कार्यालय, पोखरा**
**सम्पर्क नं. ०६१-४३५८०५/०६१-४३४२४०**


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# कमजोर मानसिकताको उपज होइन एन्जाइटी डिसअर्डर

डा अनन्त अधिकारी

एन्जाइटी डिसअर्डर एक मानसिक अवस्था हो । मानसिक स्वास्थ्य अवस्थामध्ये एन्जाइटी सबैभन्दा आम रूपमा देखिने गर्छ । यो अवस्थामा अत्यधिक डर, त्रास र चिन्ता पैदा हुन्छ । एन्जाइटी हुँदा केही नराम्रो भइहाल्छ कि जस्तो लाग्ने, सामान्य खालको समस्यालाई ठूलो तरिकाले रियाक्ट गर्ने, चिट्चट् पसिना आउने, मुटुको धड्कन बढ्ने, ब्लड प्रेसर बढे जस्तो हुने जस्ता लक्षण देखा पर्छन् ।



**लक्षणहरू**

शारीरिक लक्षण- हातमा चिट्चिट् पसिना आउने, तातो या चिसो महसुस हुने, मुख सुख्खा हुने, मुटु ढुकढुक हुने, वाकवाक लाग्ने, शरीर दुख्ने-पोल्ने, शारीरिक जाँच गर्दा रिपोर्टमा केही नदेखिने, मांसपेसीमा तनाव उत्पन्न हुने, पोल्ने-दुख्ने, श्वास भरिए जस्तो हुने, घाँटीमा केही अड्किए जस्तो हुने, श्वासप्रश्वास नपुगे जस्तो हुने तर अक्सिजन हेर्दा सामान्य हुने ।

**मानसिक लक्षण-** प्यानिक महसुस गर्ने, डराउने, असहज हुने, नराम्रो सपना देख्ने, एक मात्रै सोच आइरहने, केही नराम्रो हुँदैछ जस्तो महसुस हुने, पुराना कुराहरुको सम्झना आइरहने।

**व्यावहारिक लक्षण-** शान्त र स्थिर भएर बस्न नसक्ने, छटपट हुने, हिँड्ने-बस्ने गरिरहने, हात-खुट्टाचलाइरहने, कुराहरू दोहोऱ्याउने, निन्द्रा नलाग्ने, लागिहाले पनि गाह्रो हुने।

यस्ता लक्षणहरूले गर्दा मानिसको दैनिक जीवनयापनमा असहज हुने, आफ्नो परिस्थितिहरुसँगको प्रतिक्रियालाई कन्ट्रोल गर्न नसक्ने, धेरै रियाक्ट गर्ने लगायतको अवस्थालाई एन्जाइटी डिसअर्डर भनिन्छ।

एन्जाइटी डिसअर्डर बालबालिकादेखि बुढाबुढी जसलाई पनि हुन सक्छ। तर विशेष गरी लजालु स्वभाव भएका र खुलेर कुरा नगर्नेहरूमा यसको जोखिम बढी हुन्छ साथै, हुर्काइको क्रममा तनावग्रस्त वातावरण झेलेर/सहेर आएका, ठूलो शारीरिक तथा मानसिक ट्रमा भोगेका, परिवारमा बुबा-आमामा एन्जाइटीको हिस्ट्री छ भने पनि जोखिम बढी हुन्छ।

त्यसैगरी, लागूपदार्थ दुर्व्यसनीमा भएका, रक्सी खानेहरू, अन्य किसिमका शारीरिक रोग भएका, जस्तैः थाइरोइड, मधुमेह भएकाहरूमा पनि यसको जोखिम बढी हुन्छ।

केटा मान्छेमा भन्दा केटी मान्छेमा यो समस्या बढी देखिन्छ। हर्मोनल कारण तथा समाजमा महिलाहरू परिवारबाट बाहिर निस्किन नसक्ने, रोग लागिहाले पनि उपचारबाट वञ्चित हुने कारणले गर्दा यस्तो भएको हुन सक्छ।

**एन्जाइटीका प्रकार**

एन्जाइटी डिसअर्डर फरकफरक प्रकारका छन्। लक्षणहरू उस्तैउस्तै भए तापनि मुलभूत कुराहरू अलिअलि फरक हुन्छन्। जनरलाइज एन्जाइटी डिसअर्डर- सबैभन्दा आम मानिने जिएडी अर्थात् जनरलाइज एन्जाइटी डिसअर्डर हो। यो अवस्थामा हरेक कुराले मानिसलाई चिन्ताग्रस्त बनाउँछ। अगाडि भएका हरेक कुराले एन्जाइटीलाई ट्रिगर गर्छ। उदाहरणका लागि, बाटोमा हिँडिरहेको अवस्थामा गाडीले हान्ने हो कि, कसैले केही गर्ने हो कि लगायतका सोच आउँछ। यी लक्षणहरू लामो समयसम्म रहिरहन्छ र बिरामीलाई दुःख दिइरहन्छ। यसमा शारीरिक लक्षणहरू पनि हुन्छन्। जसमा शरीर दुख्ने, पोल्ने, थकाइ लाग्ने, छटपटाउने लगायत हुन्छन्।

प्यानिक एन्जाइटी डिसअर्डर- यसमा एकदमै जटिल लक्षणहरू देखा पर्छन्। प्यानिक हुँदा बिरामीलाई मृत्युलाई नजिकबाट अनुभव गरे जस्तै हुन्छ। यो अवस्थामा बिरामीलाई निकै गाह्रो हुन्छ। चिट्चिट् पसिना आउने, श्वास रोकिए जस्तो हुने, मुटुको ढुकढुक ज्यादै बढ्ने, मुटु सम्बन्धी समस्या भयो कि भनेर कति मान्छेहरू अस्पताल समेत पुग्छन्। यो एपिसोडमा आउँछ र आधा घण्टा जतिपछि विस्तारै कम हुँदै जान्छ। यसका लक्षण देख्दा बिरामीहरू मुटुको रोगसँग सम्बन्धित हो कि भनेर डराउने, आत्तिने हुन्छन् ।

**एगोराफोबिया डिसअर्डर-** यसका लक्षणहरू समस्या सजिलै बाहिर निस्किन नमिल्ने ठाउँहरू, भीडभाड, सजिलै कसैको सहयोग नपाइने ठाउँहरूमा आउँछन्। जस्तोः लाइनमा बस्दा, ट्रेन या बसमा यात्रा गर्दा, सार्वजनिक भेलाहरूमा बिरामीलाई डर लाग्ने, प्यानिक हुने हुन्छ ।

**सोसल एन्जाइटी डिसअर्डर-** यसका लक्षणहरू सार्वजनिक स्थानहरूमा देखा पर्छन्। त्यस्ता स्थानमा बोल्ने समयमा, कसैको अगाडि केही बोल्नु छ भने या अन्य क्रियाकलाप गर्दा राम्रो हुने हो कि नहुने हो भन्ने खाले डर, मान्छेले के भन्लान्, के सोच्लान् भन्ने डर हुन्छ ।

**सेप्रेसन एन्जाइटी डिसअर्डर-** यो प्रायः बच्चामा देखा पर्ने डिसअर्डर हो। अभिभावकबाट छुट्टिनु पर्दा, टाढिनु पर्दा मेरो बाबा/आमाले मलाई एक्लै पार्छन् कि भन्ने खाले डर, फर्केर आउँदैनन् कि, कसैले केही गर्दिन्छ कि भन्ने खाले डर आउनु सेप्रेसन एन्जाइटी डिसअर्डर हो।

हेर्दा सामान्य भए पनि एन्जाइटीले मानिसलाई धेरै दुःख दिन्छ। धेरैजसोले यो समस्या हो भनेर समेत थाहा पाउँदैनन् र यत्तिकै बसिरहेका हुन्छन्। नेपाली समाजमा यो समस्यालाई लिएर धेरै भ्रमहरू समेत छन् । मानिसले यस्ता खालका समस्या भएकाहरूलाई काँतर, डरछेरुवा लगायतका उपनाम दिन्छन्। त्यो एकदमै गलत हो। एन्जाइटी कुनै कमजोर मानसिकताको उपज होइन ।

कुनै पनि व्यक्तिले आफ्नो जीवनकालमा कुनै न कुनै समय एन्जाइटीको समस्या महसुस गरेका हुन्छन्। लगभग ३० प्रतिशत किशोर-किशोरीले आफ्नो जीवनकालमा यो समस्या अनुभव गरेकै हुन्छन् ।

**कारण**

एन्जाइटी डिसअर्डर विभिन्न कारणले हुन सक्छ। मानिसलाई एन्जाइटी हुन फरकफरक कुराले ट्रिगर गर्छ। यसको एउटा मुख्य कारण न्युरो केमिकल असन्तुलन हो। दिमागमा हाम्रो सोच, मुड लगायतका कुरालाई कन्ट्रोल गर्ने केमिकलमा तलमाथि आउँदा एन्जाइटी हुन सक्छ। साथै, सानो उमेरमा भोगेका ट्रमा, हिंसा, सामाजिक समस्याहरू, दुर्व्यसन र वंशाणुगत कारणले एन्जाइटी हुन्छ।

**उपचार**

एन्जाइटीको दुई प्रकारको उपचार पद्धति हुन्छ। एउटा साइकोथेरापी (मनोवैज्ञानिक उपचार पद्धति) र अर्को फर्माको थेरापी अर्थात् औषधि उपचार ।

एन्जाइटीको उपचारपछि मानिसहरू सामान्य जीवनमा फर्किन सक्छन्। नेपाली समाजमा एन्जाइटीको एक पटक औषधी गरेपछि जीवनभर गरिरहनुपर्छ भन्ने भ्रम छ । एन्जाइटी हुनबाट जोगिन त्यसलाई ट्रिगर गर्ने अवस्थाहरूबाट टाढा बस्ने, स्वस्थ जीवनशैली जिउन कोसिस गर्ने, मद्यपान र धूमपान नगर्ने, तनावग्रस्त जीवनलाई सहज बनाउने, आफूलाई समय दिने, साथीहरूसँग कुरा सेयर गर्ने, सिर्जनात्मक कामहरू गर्ने, गफ गर्ने, खानपिनमा ध्यान दिने, कफी लगायत पेय पदार्थ लिमिटमा खाने, केही समस्या भयो भने अस्पताल जाने गर्नुपर्छ ।

साभारः स्वास्थ्य खबर

# बागलुङको बोड्गाखोलामा पक्की पुल निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, ३१ साउन

तमानखोला गाउँपालिका-१ बोड्गादोभानमा साना तथा मझौला सवारीसाधन सञ्चालन गर्न मिल्ने पक्की पुल दुई करोड ७१ लाख २७ हजार ९६४ मा निर्माण भएको छ ।

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले लामो समयको प्रयासपछि बोड्गाखोलामा पुल निर्माण भएको बताउनुभयो । गाउँपालिकामा सबै याममा सवारी साधन सञ्चालन गर्न अझै आठ वटा पुल निर्माण गर्न बाँकी रहेको उहाँले बताउनुभयो । गाउँपालिकाले गत आर्थिक वर्षमा रु ८७ लाख ६७ हजार नौ सय २६ को लागतमा भिकोसघाटमा पक्की पुल निर्माण गरेको जानकारी दिनुभयो । चार वर्षअघि २०७९ चैत ३० भित्रमा निर्माण पूरा गर्नेगरी निर्माण कम्पनी कान्तिपथ कन्ट्रक्सनसँग सम्झौता भएको सडक डिभिजन कार्यालयका इन्जिनियर अमर अधिकारीले बताउनुभयो ।

“ढिलो भएपनि पुल पूरा भयो तर निर्माण कम्पनीलाई रु ६० लाख भुक्तानी गर्न बाँकी छ,” विनियोजित बजेट कम भएकाले भुक्तानीमा समस्या भएको जानकारी दिँदै उहाँले भन्नुभयो ।

# जीविकोपार्जनसँग पर्यटनलाई जोड्न तनहुँमा चियाखेती

पोखरापत्र संवाददाता
दमौली, ३१ साउन



जीविकोपार्जनसँग पर्यटनलाई जोड्ने उद्देश्यले ऋषिङ र आँबुखैरेनी गाउँपालिकाले चियाखेती सुरु गरेका छन् ।

ऋषिङ गाउँपालिकाले वडा नं ३ स्थित दुवुङकोटमा बिहीबार एक हजार पाँच सय चियाको बिरुवा रोपेको छभने आँबुखैरेनी गाउँपालिकाले आँबुखैरेनी-६ हिलेखर्कस्थित बतासे डाँडाको १५ रोपनी क्षेत्रफलमा चार हजार दुई सय बेर्ना सारेको छ ।

ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठका अनुसार यो वर्ष परीक्षणका रुपमा रोपिएका बिरुवाबाट अपेक्षाअनुसार उत्पादन भएमा भविष्यमा त्यसलाई विस्तार गरिनेछ । हाल दुवुङकोटको एक सय रोपनी जग्गामध्ये १२ रोपनीमा हाल बिरुवा लगाइएको हो । स्थानीयवासीलाई रोजगारीसँग जोड्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले परीक्षणका रुपमा चियाखेती गरिएको उहाँले बताउनुभयो । चिया बगानका माध्यमबाट दुवुङकोटलाई पर्यटकीयस्थलका रुपमा पनि विकास गर्न सकिने अध्यक्ष श्रेष्ठ बताउनुहुन्छ ।

ऋषिङ गाउँपालिका-३ का वडाध्यक्ष भीमबहादुर थापा दुवुङकोटमा ‘भ्यूटावर’ पनि रहेकाले यो ठाउँ आन्तरिक पर्यटकका निम्ति प्रमुख गन्तव्यका रूपमा विकास गर्न सकिने बताउनुहुन्छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम र कृषि विकास शाखाको संयुक्त कार्यक्रमबमोजिम आँबुखैरेनीको बतासे डाँडामा चिया बगान बनाउने प्रयास भएको कृषि विकास शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “यहाँको हावापानी चिया बगानका लागि उपयुक्त भएकाले परीक्षणको रुपमा पहिलोपटक चियाका बिरुवा रोपिएको हो ।”

# म्याग्दीमा आठवटा झोलुङ्गे पुल निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ साउन



आर्थिक वर्ष २०८०/८१ मा म्याग्दीका ग्रामीण भेगमा आठवटा झोलुङ्गे पुल निर्माण भएका छन् भने तीनवटा निर्माणाधीन छन् ।

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (स्वाप), टिबिएसयु, गण्डकी प्रदेश सरकार, स्थानीय तह, समुदाय र गैरसरकारी संस्था मिलन म्याग्दीको साझेदारीमा ती पुल निर्माण भएका हुन् ।

झोलुङ्गे पुल निर्माणका लागि सामुदायिक परिचालन र प्राविधिक सहयोग गर्दै आएको स्थानीय साझेदारी संस्था मिलन म्याग्दीका कार्यकारी निर्देशक दिलमाया बिटालुले रु २० करोडभन्दा बढीको लागतमा ती पुल निर्माण सकिएका र निर्माण भएका बताउनुभयो । मालिका गाउँपालिका-६कोम्याग्दीखोलामा एक सय १४ मिटर, मङ्गला गाउँपालिका-५ पिपलबोटको म्याग्दीखोलामा ७३ मिटर, धवलागिरि गाउँपालिका-७ को म्याग्दीखोलामा एक सय एक मिटर, धवलागिरि-४ खोलाखर्कमा एक सय १२ मिटर, अन्नपूर्ण गाउँपालिकाको दोबिल्ला खोलामा ६० मिटर र ठूलोखोलामा ६४ मिटर लामो पुल निर्माण भएको हो । यसैगरी, गण्डकी प्रदेश सरकारको पूर्वाधार विकास कार्यालयले निर्माण गरेको कालीगण्डकी खोलामाथि भुरुङ तातोपानीबाट पाउद्वार तातोपानी कुण्ड जाने एक सय २६ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको हो ।

बेनी नगरपालिका-७ मङ्गलाघाटस्थित म्याग्दीखोलामा निर्माणाधीन ४६ मिटर लामो पुलको ८५ प्रतिशत, रघुगङ्गा गाउँपालिका-८ को लामो खोसेरा खोलाको ३२ मिटर लामो पुलको ६५ प्रतिशत र मालिका-४ मा ७० मिटर लामो कुमालघारे खोला पुलको ३० प्रतिशत निर्माण सकिएको छ ।

# चितवन पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा

रासस
चितवन, ३१ साउन

चितवनलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । आज यहाँ आयोजित कार्यक्रममा जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख नारायणप्रसाद अधिकारीले राज्यका लागि बलियो मानवपुँजी निर्माण गर्न खोप प्रभावकारी रहेको भन्नुहुँदै यसको दिगोपनका लागि अझै मेहिनत गर्नुपर्ने बताउनुभयो ।

उहाँले खोप कार्यक्रम सफल बनाउन भूमिका खेल्ने महिला स्वास्थ्य स्वयंसेविकालगायत सरोकार भएकालाई सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । माडी नगरपालिका प्रमुख ताराकाजी महतोले पूर्ण खोप सुनिश्चिततासँगै जिम्मेवारी थपिएको बताउनुभयो ।

उहाँले खेती किसानी र ज्याला मजदुरी गर्न आउने अस्थायी बसोबासीका बालबालिका छुट्ने गरेका र माडीका विकट ठाउँमा पूर्ण खोप लगाउन चुनौती रहेको बताउनुभयो ।

खैरहनी नगरपालिका उपप्रमुख कविता उप्रेतीले अस्थायी बसोबासी खोपबाट छुट्ने गरेकातर्फ आफ्नो नगरपालिकाले ध्यान दिइरहेको बताउनुभयो । उहाँले नगरपालिकाले लागू गरेको बाआमास्वास्थ्य कार्यक्रमअन्तर्गत तीन-तीन महिनामा स्थानीयका घरघरमा पुग्नेबेला कोही छुटको देखिए खोप लगाउने व्यवस्था मिलाउने गरिएको जानकारी दिनुभयो । इच्छाकामना गाउँपालिका उपाध्यक्ष माया सिलवालले जिल्लालाई खोप सुश्चितता घोषणा गरिएका पनि अब यसलाई निरन्तरता र दिगोपनामा सबैले सहयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कालिका नगरपालिका सामाजिक विकास समितिका संयोजक मकरमान श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, जनस्वास्थ्य कार्यालयप्रमुख दिनेश रूपाखेतीले खोप बालबालिकाको नैसर्गिक अधिकार भएकाले यसको सुनिश्चितताका लागि समन्वयात्मक ढङ्गले अगाडि बढ्नुपर्ने बताउनुभयो ।

त्यस अवसरमा प्रदेशबाट प्राप्त पूर्ण खोप सुनिश्चितता तथा दिगोपना प्रमाणपत्र जिल्ला तथा पालिकालाई प्रदान गरिएको थियो ।

सहभागीले दिगोपनाका लागि प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : मानसिक तनाव | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# लमजुङका दुई लाख २८ हजार पशुलाई खोप

पोखरापत्र संवाददाता
लमजुङ, ३१ साउन

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका आठ पालिकामा दुई लाख २८ हजार पशुमा खोप लगाइएको जनाएको छ ।

केन्द्रका निमित्त प्रमुख डा सुनिल न्यौपानेका अनुसार विभिन्न रोग नियन्त्रण गर्न जिल्लाका सबै पालिकाका किसानको घरघरमा पुगेर बाख्रा, गाईभैंसी, बङ्गुर, कुकुरलाई खोप लगाइएको छ । गाईवस्तु, २९ हजार तीन सय ८६, भैंसी ५७ हजार सात सय छ, बाख्रा एक लाख १७ हजार तीन सय ४१, भेडा १६ हजार आठ सय ७९ वटा, बङ्गुर दुई हजार त सय ६९ र कुकुर चार हजार चार सय २१ वटामा खोप लगाइएको थियो । सबैभन्दा बढी बेँसीसहर नगरपालिका र सबैभन्दा कम दूधपोखरी गाउँपालिकाका किसानका चौपायमा खोप लगाइएकोछ।बेँसीशहरमा३६हजार एकसय३२,दूधपोखरीमा१५हजार चार सय १६ पशुचौपायामा खोप लगाइएको छ।त्यसैगरी सुन्दरबजार नगरपालिकामा ३२ हजार नौ सय ९१, राइनास नगरपालिकामा २६ हजार ३७, मध्यनेपाल नगरपालिकामा ३० हजार छ सय २४, दोर्दी गाउँपालिकामा ३४ हजार सात सय २८, मर्स्याङ्दी गाउँपालिमामा ३५ हजार सात सय५४ वटा र क्व्होलासोथर गाउँपालिकामा १६ हजार सात सय १९ चौपायामा खोप लगाइएको छ । खोप कार्यक्रम सञ्चालनका लागि ८१ खोपकर्ता सञ्चालन गरिएको थियो ।

# ‘दिलसरा’ले दर्शकको दिल जित्नेछ: प्रभावशाली महिला बन्न प्रेरणा दिनेछ

**कविता घर्तीमगर**
पोखरा, ३१ साउन

सबै समुदायले विगतदेखि नै आफ्ना समुदायको कला, भाषा, संस्कृति, भेषभुषा, रितिरिवाज र रहनसहनलाई संरक्षण र उजागर गर्न विभिन्न तवरबाट प्रयास गर्दै आइरहेका छन् ।

यसै क्रममा मगर संस्कृतिमा आधारित चलचित्र ‘दिलसरा’ यही भदौ ३ गतेदेखि पोखरामा औपचारिक रुपमा प्रदर्शन हुदै छ । चलचित्रले मगर समुदायको बहुआयामिक सांस्कृतिक पक्षलाई उजागर गर्नुका साथै समुदायभित्र भएका विकृतिविसंगतिहरुलाई केलाएर अगाडि बढ्नुपर्छ भन्ने प्रेरणा दिने आशा निर्माण पक्षको रहेको छ । चलचित्र मुख्यतयः मगर समुदायको संस्कृतिमा आधारित भएपनि कथावस्तु भने देशमा महिलाहरुले संघर्ष गर्नुपर्ने बाध्यात्मक सामाजिक परिवेश र सफलताको ऐनाको रुपमा चित्रण गर्ने प्रयत्न गर्ने चलचित्रका निर्माता तथा कथा लेखक जुना थापामगरले बताइन् ।

“देशको अधिकांश हिस्सा हामी आदिवासी जनजाति समुदायले ओगटेका छौं, बाहुल्य जनसंख्या भएको समुदायमध्येको एक समुदाय मगर समुदाय हो । हामीले मान्दै आएका सुन्दर सांस्कृतिक पक्षहरु भीमकाय छन्, जसले हामीलाई पहिचान दिएको छ”, लेखक थापामगरले भनिन्, “यी हाम्रा सांस्कृतिक पहिचानहरू समय परिवेशअनुसार भोलिका पुस्ताले कसरी अनुशरण गर्छन्, यो निकै चुनौतीको विषय छ, त्यसैले यसलाई जीवित राख्न पनि दस्तावेजका रुपमा हाम्रो टिमले ‘दिलसरा’ निर्माण गर्न आवश्यक ठानेका हो, चलचित्रमा मगर समुदायको संस्कृति समावेश गरिएको भएतापनि कथावस्तुमा भने समग्र देशकै सामाजिक परिवेशलाई चित्रण गरिएको छ ।”

त्यसो त चलचित्रका कथा लेखक थापामगर निकै लामो समयदेखि सञ्चार क्षेत्रमा आवद्ध रही मगर समुदायका गतिविधिहरुलाई सञ्चार माध्यम मार्फत वकालत गर्दै आईरहेकी छिन् । लेखक फुटकर पटकथा र डकुमेन्ट्रीहरुको स्क्रिप्ट लेखनमा राम्रो अनुभव र दखल राख्छिन् । आफ्नो अनुभव र क्रियशनलाई अब आफ्नो समुदायको हितमा योगदान दिनुपर्छ भनेर ‘दिलसरा’ चलचित्रको कथावस्तु लेखनमा पहिलो पटक आँट गरेको उनी सुनाउँछिन् । साथै तयार भएको चलचित्रले दर्शक र शुभचिन्तकको मन जित्न सक्छ कि सक्दैन भन्ने चिन्ता बढिरहेको लेखक थापामगरले बताईन् । “छोटा कथा र स्क्रिप्ट लेखन पहिलेदेखि गर्दै आएको भएता पनि चलचित्रकै लागि भनेर मेरो यो पहिलो लेखन शुभारम्भ हो, कैयन पटक लेखेको स्क्रिप्ट च्यातेर पुनःलेखन गरियो,




सोचम्न मनहरुले कैयन रातहरु बेचैन भए, यसरी निकै मेहनतले ‘दिलसरा’ निर्माण भएको छ, दर्शक र शुभचिन्तकहरुले पक्कै मन पराउनुहुने छ, निर्माणको काम सकिएता पनि चलचित्र सार्वजनिक भएपछि दर्शकको कस्तो प्रतिक्रिया आउँछ भन्ने कुराले झन् बेचैन बनाउँदो रहेछ,” उनले थपिन् ।

समुदायको संस्कृतिमा आधारित भई निर्मित विगतका चलचित्रहरुले सांस्कृतिक, धार्मिक र परम्परागत जीवनशैली त देखाए तर हाम्रो समुदाय भित्र रहेका अन्धविश्वास र विकृति विसंगतिहरुलाई कमै देखाए । यस्ता विकृति र विसंगतिहरुलाई चिरेर अगाडि कसरी बढ्ने भन्ने विषयमा पनि प्रेरणामूलक चलचित्र बन्नु पर्छ भन्ने उनको बुझाइ छ । हाल शिक्षण पेसा तथा सञ्चार क्षेत्रमा आबद्ध थापामगरलाई तपाईं पनि चलचित्रको नायिका भन्दा कम हुनुहुन्न आफूले निर्माण गरेको चलचित्रमा तपाई नै किन मुख्य पात्रमा देखिनु भएन त ? भन्ने प्रश्नमा उनले हाँस्दै जवाफ दिइन् “हा! हा! हा! मान्छेको एउटा चासोको विषय हुँदो रहेछ, कार्यक्षमताको उत्कृष्टता र मन भित्रको सन्तुष्टिको फ्युजन मिल्नु पर्छ नि! तर मलाई पर्दा पछाडिकै जिम्मेवारीमा बढी सन्तुष्ट महसुस भएको छ, यहि भूमिकालाई अझै निखार्न चाहन्छु ।” चलचित्र निर्देशक अशोक आलेमगरले ‘दिलसरा’मार्फत अन्धविश्वासी मूल्यमान्यताले व्यक्ति, परिवार र समाजमा पारेको असर र यसबाट कसरी बच्न सकिन्छ भन्ने पक्षलाई जोडतोडले प्रस्तुत गरिएको बताएका छन् । उनका अनुसार चलचित्रमा समाजमा महिलाको संघर्ष र सफलतालाई विषेश जोड दिइएको छ । “मैले यस अगाडि पनि केहि मगर चलचित्रहरुमा अभिनय गरेको छु, कुनै चलचित्र निर्देशन पनि गरेको छु, मलाई लाग्छ दिलसरा चलचित्रले मेरो आगामी यात्रामा थप सहयोग पुग्ने छ, यसमा पक्कै नयाँ मसला दिन कोसिस गरेको छु, चलचित्र हेरेपछि दर्शकले आफै मूल्याङ्कन गर्नुहुनेछ”उनले भने । पोखरा निर्मलपोखरी र आसपासका पर्यटकीय स्थलहरुलाई मुख्य केन्द्रबिन्दु बनाएर छायांकन गरिएको चलचित्रले समाजको यथार्थ परिवेशलाई मात्रै उजागर गरेको छैन, यहाँका पर्यटकीय स्थानहरुको पनि समाहित गरिएको छ, जसले यहाँका पर्यटन प्रवर्धमा पनि सहयोग पुग्ने अर्को चलचित्र निर्माता हर्क आलेमगरको विश्वास छ । ‘दिलसरा’ चलचित्र भावी पुस्ताका लागि उत्कृष्ट दस्तावेज सावित हुने चलचित्रका अर्का निर्माता तथा पटकथा लेखक मिना थापामगरले दावी गर्छिन् । समाजमा एउटा महिलाले अगाडि बढ्न कति संघर्ष गर्नुपर्छ भन्ने पक्ष समेटिएकोले दिलसरा चलचित्रले विषेश गरी महिला जमात र सिंगै समाजलाई प्रेरणा दिनेमा उनी ढुक्क छिन् । दुई घण्टा तीस मिनेटको चलचित्रले प्रदर्शन अवधिभर दर्शकलाई होल्ड गर्ने छ भन्ने उनको आशा समेत छ । “धार्मिक, सांस्कृतिक रुपमा धनी हाम्रो समुदायलाई आधार बनाएर अब हामी पनि राजनैतिक, आर्थिक, भौतिक, नैतिक र बौद्धिक रुपमा राज्यका उच्च ओहोदामा पुग्नु पर्छ भन्ने विषयलाई चलचित्रमा जोड दिएको छ”, उनले थपिन्, “दिलसरा अरु मगर चलचित्र भन्दा फरक पक्कै छ, आशा छ, चलचित्र पुरै अवधि दर्शकलाई मनोरञ्जन दिन सफल हुने छ ।” चलचित्रमा पुरुष पात्रका रुपमा मुख्य भूमिकामा कल्याण रानामगरलाई देख्न सकिने छ । विभिन्न म्युजिक भिडियो र ‘भरोसा युवा’ नामक टेलिसिरियल जस्ता माध्यमबाट आफ्नो दमदार अभिनय प्रस्तुत गरिसकेका रानामगर चलचित्रको पर्दामा भने पहिलो पटक मौका पाएका हुन् । कथावस्तुमा आफूलाई सजिलै ढाल्न सक्ने क्षमता भएका उनी यस चलचित्रमा लाहुरेको भूमिकामा सिङ्गो लाहुरेहरुको जीवनशैली र बाध्यात्मक सामाजिक भोगाइको प्रभावलाई अभिनयमार्फत् दर्शकको माझमा आफुलाई प्रस्तुत गरेका छन् । यो चलचित्रले आफ्नो कलाकारिताको यात्रालाई थप बढावा दिनेमा उनी ढुक्क छन् । ‘मेनेको फिल्म्स् एण्ड मिडिया हाउस’ को ब्यानरमा निर्मित चलचित्रमा रानामगरसँगै सृष्टि राना मगर, सुस्मिता पुन मगर, मिन पुन मगर, खड्गबहादुर पुन मगर (खगपु), भीमसरा घर्ती मगर, टेक पुर्जा पुन, सुनमाया थापा मगर, ओम विरक्ता मगर, ओम श्रीस मगर तथा स्थानीय कलाकारहरुले अभिनय गरेका छन् ।

**चलचित्र ‘दिलसरा’ र प्रभावशाली मगर महिला २०८१ योजना**

चलचित्र ‘दिलसरा’ निर्माण पश्चात् यसको प्रवर्धनका लागि निर्माण टिमले एउटा गज्जवको कन्सेप्ट लिएको छ त्यो हो - प्रभावशाली मगर महिलाहरुको खोजी । चलचित्रले दिन खोजेको सन्देश र व्यवहारिक रुपमा सफल मगर समुदायका महिलाहरुको पहिचान र प्रोत्साहनले आगामी दिनमा समुदायलाई सकरात्मक बाटोमा अगाडी बढ्न धाप मारोस् भन्ने निर्माण टोलीको लक्ष्य हो । अहिले चलचित्र प्रमोशन र प्रदर्शनको अवधिभर देश तथा विदेशमा रहेर विभिन्न क्षेत्रमा क्रियाशील तथा समुदायमा समुदाय र राष्ट्रको उत्थानमा उदाहरणीय कार्य गर्दै आइरहेका मगर समुदायका प्रभावशाली महिला खोजीको सुरुवात गर्ने कार्य समेत शुभारम्भ गरिएको छ ।

‘दिलसरा’ विशेषगरी नारी कथानक चलचित्र भएकोले ‘दिलसरा’ पात्रको प्रतिनिधित्व गर्ने महिलाहरु जो आफ्नो क्षेत्रमा संघर्षरत छन् र समाज र राष्ट्रलाई अग्रदिशातर्फ डोऱ्याउन अभिप्रेरित गर्न सक्छन् त्यस्ता जुझारु महिलाहरुको खोजी गरी समाज र राष्ट्रमा नै चिनाउने चलचित्र टिमको उद्देश्य रहेको चलचित्रका कार्यकारी निर्माता प्रेम थापामगरले बताए । चलचित्र जुन जिल्लामा प्रदर्शन हुन्छ सोही स्थानबाट शिक्षा, राजनीति, समाजसेवी, उद्योग व्यवसाय, स्वास्थ्य, साहित्य, खेलकुद, सञ्चार, भाषा कला तथा संस्कृति, कृषि, पर्यटन, सूचना प्रविधि, गीतसंगीत, कानून तथा प्रशासन, सुरक्षा लगायत क्षेत्रमा रही समुदाय तथा मुलुकलाई टेवा पुऱ्याएका प्रभावशाली मगर महिलाहरु मध्येबाट खोजी गरिने खोजी अभियानका संयोजक तथा चलचित्रका कथा लेखक जुना थापामगरले बताइन्।

उनका अनुसार ‘प्रभावशाली मगर महिला-२०८१’ मा सहभागिता जनाउन चाहने महिलाले आफूले गरेको विभिन्न कामको विवरण सहित इच्छुकले गुगल तथा इमेल मार्फत् फारम भर्न सकिने बताउँदै कस्कीबाट १९ जना प्रभावशाली मगर महिलाहरु सहभागी भएको कथा लेखक थापामगरले बताइन् ।

‘प्रभावशाली मगर महिला २०८१’ मा सहभागिता जनाउन चाहने महिलाले आफूले गरेको विभिन्न कामको विवरण सहित इच्छुकले गुगल तथा इमेल मार्फत् फारम भर्न सकिने बताएकी मगरले कस्कीबाट १९ जना प्रभावशाली मगर महिलाहरु सहभागी भएको बताइन् ।

छनोट भएका उत्कृष्ट ‘प्रभावशाली मगर महिला २०८१’ को अन्तिम परिणाम २०८२ साल वैशाखमा फाइनल गरिनेछ। छनोट प्रक्रिया लोकप्रियता र जजराउण्डको आधारमा हुनेछ । उत्कृष्ट महिलाका लागि उचित पुरस्कारको व्यवस्था रहेको आयोजकले जनाएको छ ।



वालिङ बजार : स्याङ्जाको वालिङ-८ श्रवणकुमार पार्कबाट देखिएको गुलाबी शहरको रुपमा परिचित वालिङ बजार । तस्बिरः तोलाकान्त बगाले/रासस

# एक करोड ५० लाखको लगानीमा कुखुरापालन गर्दै उद्यमी शर्मा

**रासस**
बागलुङ, ३१ साउन

बाह्र वर्ष कतारमा श्रम गरेर स्वदेश फर्कनुभएका बागलुङ नगरपालिका-७ कालीमाटीका ४० वर्षीय ओमराज शर्माको कृषि फार्ममा अहिले तीन हजार लेयर्स जातका कुखुरा छन् ।

छ हजार कुखुरा पाल्नमिल्ने फार्म बनाउनुभएका उहाँले तीन हजार चल्ला थप्ने तयारी गर्नुभएको छ ।

एक करोड ५० लाखको लगानीमा ग्रिन ल्याण्ड बहुउद्देश्यीय कृषि फार्म स्थापना गरेर सञ्चालनमा ल्याइएको फार्म कालिमाटीको ४३ रोपनी जग्गामा फैलिएको छ । फार्ममा गाई र बाख्रा पनि पालिएको छ । उहाँले यसरी काम थालेको पाँच वर्ष भयो । सामूहिक रुपमा थालिएको फार्म पछिल्लो तीन वर्षदेखि शर्माले एक्लै सञ्चालन गर्दै आउनुभएको छ ।

“कुखुरापालन व्यवसाय निकै जोखिपूर्ण हुन्छ, छ महिनासम्म हुर्काएका कुखुराले फूल पार्न थालेपछि आम्दानी हुन्छ, त्यो समयसम्म लगानीमात्र गर्ने हो, बजार अस्थिर छ, अण्डाको मूल्यमा उतारचढाव हुन्छ, तर हिम्मत हारिएन अहिले फार्मलाई जिल्लाकै ठूलो अण्डा उत्पादन गर्ने फार्मका रूपमा चिनाउन सफल भएको छु”, उद्यमी शर्माले भन्नुभयो । उहाँको फार्ममा प्रत्यक्ष रुपमा चारजनाले रोजगारी पाएका छन् । अहिले दैनिक तीन हजार अण्डा बागलुङमा खपत भइरहेको छ ।

तीन हजार कुखुरा हुर्काएर अण्डा दिने बनाउन रु २५ लाख लाग्ने बताउँदै उद्यमी शर्माले व्यावसायिक रूपमा गाई र बाख्रा पाल्ने योजना सुनाउनुभयो ।

# साफ च्याम्पियनसिपको उद्घाटन खेल एन्फा कम्प्लेक्सको मैदानमा हुने

**रासस**
काठमाडौं, ३१ साउन

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ)यु-२० च्याम्पियनसिप फुटबल प्रतियोगिताअन्र्गत नेपाल र श्रीलङ्काबीच हुने उद्घाटन खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेल मैदानमा हुने पक्का भएको छ ।

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ)ले पठाएको म्याच कमिस्नर अब्दुल हामिद अब्दुल गफरले आज त्रिपुरेश्वर स्थित दशरथ रङ्गशालाको खेल मैदान निरीक्षण गरेपछि खेल खेल्न योग्य नभएको निष्कर्ष निकालेको हो । सोही निर्णयसँगै उक्त प्रतियोगिताको अन्य खेलहरु दशरथ रङ्गशालामा हुने सम्भावना कम भएको छ ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले म्याच कमिस्नरले दशरथ रङ्गशालाको मैदान खेल्न योग्य नभएको बताएको जानकारी दिनुभयो । उहाँले यो निर्णय नै अन्तिम नहुने भन्दै म्याच कमिस्नरले साफमा खबर पठाएपछि उताबाट जे निर्णय आउँछ त्यही अन्तिम निर्णय हुने बताउनुभयो । उक्त रङ्गशालाको निरीक्षण गर्न माल्दिभ्सका अब्दुल बिहीबार काठमाडौँ आइपुग्नुभएको थियो । उक्त प्रतियोगिताको खेल सुरुआतमा दशरथ रङ्गशालामा खेलाउने आयोजक एन्फाको तयारी थियो । तर वर्षाका कारण दशरथ रङ्गशालाको अवस्था नाजुक भएपछि कहा खेलाउने टुङ्गो लाग्न सकेको थिएन । एन्फा प्रवक्ता सुरेश शाहले प्रतियोगिताको सुरुआती खेल एन्फा कम्प्लेक्सको मैदानमा हुने भन्दै आगामी दिनमा वर्षा सुधार भए दशरथ रङ्गशालामा सेमिफाइन र फाइनल खेल गराउने सम्भावना कायमै रहेको बताउनुभयो । यही साउन २९ गते दशरथ रङ्गशालामा नेपालको सहिद स्मारक ए डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र भुटानको लिग विजेता पारो एफसीबीच एएफसी च्यालेन्ज लिगको प्रारम्भिक छनोट खेल भएको थियो । त्यतिबेला वर्षाका कारण मैदान हिलाम्मे भएको थियो । जसका कारण दुवै टोलीले हिलाम्मे मैदानमा खेल खेलेका थिए ।

यसअघि पनि एएफसीले उक्त मैदानलाई अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न अयोग्य घोषणा गरेको थियो ।साफ यु-२० च्याम्पियनसिप आगामी भदौ २ गतेदेखि घरेलु मैदानमा हुँदैछ । भदौ १२ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा विभिन्न ६ राष्ट्रको सहभागिता रहने छ । प्रतियोगिताका कतिपय टोली नेपाल आइसकेका छन् । समूह ‘ए’ मा आयोजक नेपालसँगै बङ्गलादेश र श्रीलङ्का तथा समूह ‘बी’ मा भारत, माल्दिभ्स र भुटान छन् । प्रतियोगिताको उद्घाटन खेलमा नेपाल र श्रीलङ्काबीच प्रतिस्पर्धा हुँदैछ ।

# जिल्लाका १० हजार बढी गाईभैंसीमा लम्पी स्किनविरुद्ध खोप

**रासस**
चितवन, ३१ साउन

जिल्लाका छ पालिकाका १० हजार दुई सय ७९ वटा गाईभैंसीमा लम्पी स्किन रोगविरुद्ध खोप लगाइएको छ ।

कालिका नगरपालिकाबाहेक अन्य पालिकामा गाईभैंसीमा खोप लगाइएको हो । पशु सेवा कार्यालय र स्थानीय पालिकाहरुको सहकार्यमा लम्पी स्किनविरुद्ध खोप लगाइएको हो । सेवा कार्यालयका अधिकृत भीम भट्टले भरतपुर महानगरपालिकाका दुई हजार आठ सय गाईभैंसीमा लम्पी स्किनविरुद्ध खोप लगाइएको बताउनुभयो । उहाँकानुसार खैरहनी नगरपालिकामा दुई हजार, राप्ती नगरपालिकामा एक हजार नौ सय ३६, रत्ननगर नगरपालिकामा एक हजार पाँच सयवटा गाईभैंसीमा खोप लगाइएको छ ।

साउन २५ देखि ३१ गतेसम्म सप्ताहव्यापी रूपमा सञ्चालन गरिएको खोप अभियानमा माडी नगरपालिकाका एक हजार दुई सय ७६, इच्छाकामना गाउँपालिकाका सात सय ६७ गाईभैंसीमा खोप लगाइएको छ । खोप लगाइएकामध्ये गाई र साँढे सात हजार तीन सय २४, बाच्छा र बाच्छी एक हजार सात सय ३४, भैंसी र राँगा सात सय ७७ र पाडापाडी चार सय ४४ वटा रहेका छन् । बागमती प्रदेशभरि यो अभियान सञ्चालन गरिएको हो । यहाँस्थित कालिका नगरपालिकामा भने वैशाखमा खोप अभियान सञ्चालन भइसकेको छ । अधिकृत भट्टले भन्नुभयो, “कालिका नगरपालिकाले आफ्नै खर्च र कार्यालयको सहयोगमा खोप लगाइसकेको छ ।” गर्मी समयमा लामखुट्टे, झिँगाको टोकाइलगायत कारणले यो रोगको प्रकोप देखिने गर्दछ । गाईभैंसीमा रोग लागेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको कडा गोलो गिर्खा देखिने, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, ऱ्याल काढ्नेलगायत समस्या देखिने गर्छन् ।

सङ्क्रमित गाईवस्तुको ओसार पसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवं पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट रोग अन्यमा सर्ने गरेकाले खोप लगाउने, विश्वसनीय स्रोतबाट गाईभैंसी खरिद गर्ने, गोठलाई झिँगा, लामखुट्टे तथा अन्य कीराबाट मुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकतानुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने पशु चिकित्सकको सुझाव छ ।

# लमजुङका दुई लाख २८ हजार पशुलाई खोप

**पोखरापत्र संवाददाता**
लमजुङ, ३१ साउन

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका आठ पालिकामा दुई लाख २८ हजार पशुमा खोप लगाएको जनाएको छ ।

केन्द्रका निमित्त प्रमुख डा सुनिल न्यौपानेका अनुसार विभिन्न रोग नियन्त्रण गर्न जिल्लाका सबै पालिकाका किसानको घरघरमा पुगेर बाख्रा, गाईभैंसी, बङ्गुर, कुकुरलाई खोप लगाइएको छ । गाईवस्तु, २९ हजार तीन सय ८६, भैंसी ५७ हजार सात सय छ, बाख्रा एक लाख १७ हजार तीन सय ४१, भेडा १६ हजार आठ सय ७९ वटा, बङ्गुर दुई हजार त सय ६९ र कुकुर चार हजार चार सय २१ वटामा खोप लगाइएको थियो ।

सबैभन्दा बढी बेँसीसहर नगरपालिका र सबैभन्दा कम दूधपोखरीगाउँपालिकाकाकिसानका चौपायमा खोप लगाइएको छ । बेँसीशहरमा ३६ हजार एक सय ३२, दूधपोखरीमा १५ हजार चार सय १६ पशुचौपायामा खोप लगाइएको छ । त्यसैगरी सुन्दरबजार नगरपालिकामा ३२ हजार नौ सय ९१, राइनास नगरपालिकामा २६ हजार ३७, मध्यनेपाल नगरपालिकामा ३० हजार छ सय २४, दोर्दी गाउँपालिकामा ३४ हजार सात सय२८, मर्स्याङ्दी गाउँपालिमामा ३५ हजार सात सय५४ वटा र क्होलासोथर गाउँपालिकामा १६ हजार सात सय १९ चौपायमा खोप लगाइएको छ । खोप कार्यक्रम सञ्चालनका लागि ८१ खोपकर्ता सञ्चालन गरिएको थियो ।